प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल

# रेडियो एफ.एम अनुदान वितरण कार्यविधि, २०७९

प्रस्तावना: सुदूरपश्चिम प्रदेशमा दर्ता रहेका रेडियो एफ.एम.लाई सक्षम र सबल बनाई प्रदेशको सूचना तथा सञ्चार क्षेत्रलाई सुदृढ एवं विकास गर्नका लागि रेडियो एफ.एम.लाई अनुदान रकम उपलब्ध गराउने कार्यलाई व्यवस्थित, प्रभावकारी र पारदर्शी बनाउन वाञ्छनीय भएकाले,

प्रदेश विनियोजन ऐन, २०७८ को दफा ९ को उपदफा (२) को अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस कार्यविधिको नाम "रेडियो एफ.एम. अनुदान वितरण कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान रकम" भन्नाले मन्त्रालयवाट छनौट भएका रेडियो एफ.एम.लाई दिइने पुँजीगत अनुदान रकम सम्झनु पर्दछ।

(ख) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनु पर्दछ।

(ग) "लोककल्याणकारी विज्ञापन" भन्नाले रेडियो एफ.एम.लाई मन्त्रालयमार्फत उपलब्ध गराइने सार्वजनिक हितसम्वन्धी सूचना वा सन्देशलाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेश सम्झनु पर्दछ।

(घ) "मूल्यांकन तथा सिफारिस समिति" समिति भन्नाले दफा ६ बमोजिम गठित सिफारिस समिति सम्झनु पर्दछ।

## परिच्छेद-२

## अनुदान सम्बन्धी व्यवस्था

३. रेडियो एफ.एम. अनुदान सम्वन्धी व्यवस्था: (१) रेडियो एफ.एम.लाई अनुदान रकम वितरण गर्दा प्रदेश सरकारको लोककल्याणकारी विज्ञापन तथा जनहितमा जारी हुने विज्ञापनसँग आवद्ध गरी विज्ञापन प्रसारण मार्फत अनुदान वितरण गरिनेछ।



मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल

(२) रेडियो एफ.एम.लाई दफा ४ बमोजिमको अनुदान रकम उपलब्ध गराइनेछ।

(३) आर्थिक वर्ष २०७७/७८ मा अनुदान प्रदान गरिएको रेडियो एफ.एम.लाई आर्थिक वर्ष २०७८/७९ मा अनुदान वितरण गरिने छैन।

४. अनुदान रकमको सीमाः यस कार्यविधि बमोजिम प्रदान गरिने अनुदान रकमको सीमा देहाय बमोजिम रहेको छः-

(क) एक जिल्लाको केही स्थानीय तहमा मात्र प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई पचास हजार रुपैंया सम्म

(ख) एक जिल्ला भरी पूरै प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई पैंसट्ठी हजार रुपैंया सम्म

(ग) दुई जिल्लासम्म सेवा प्रदान गर्ने रेडियो एफ.एम.लाई असी हजार रुपैंयासम्म

(घ) तीन जिल्ला प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई एक लाख रुपैंया सम्म

(ङ) चार जिल्ला प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई एक लाख बीस हजार रुपैंया सम्म

(च) पाँच जिल्ला प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई एक लाख चालीस हजार रुपैंया सम्म

(छ) छ जिल्ला प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई एक लाख साठी हजार रुपैंया

(ज) सात वा सातभन्दा बढी जिल्ला प्रसारण क्षेत्र भएको रेडियो एफ.एम. लाई एक लाख असी हजार रुपैंयासम्म ।

(झ) प्रत्येक जिल्लाबाट कम्तिमा एक वटा रेडियो एफ.एम. लाई अनुदान वितरण गरिनेछ।

५. अनुदान प्राप्त गर्ने कार्यविधिः (१) मन्त्रालयले कम्तीमा सात दिनको समयावधि दिई प्रस्ताव आव्हानको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन पर्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयबाट प्रकाशित सूचना मन्त्रालयको वेवसाइटमा राख्नु पर्ने र मन्त्रालयमा यस आर्थिक वर्षमा सूचीकृत भएका रेडियो एफ.एम.लाई इमेल मार्फत समेत जानकारी गराउनु पर्नेछ।

(३) प्रदेशमा सञ्चालनमा रहेकाअनुदान लिन चाहने रेडियो एफ.एम.ले अनुसूची-१ बमोजिमको ढाँचामा उपदफा (१) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र निवेदन र देहायको कागजात संलग्न गरी मन्त्रालयमा निवेदन दिनु पर्नेछः-

(क) प्रचलित कानूनबमोजिम रेडियो एफ.एम. दर्ता प्रमाणपत्रको प्रतिलिपि,



मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(ख) रेडियो एफ.एम. सञ्चालन सम्बन्धी इजाजतपत्र र इजाजतपत्र नविकरण गरेको प्रमाण,

(ग) रेडियो एफ.एम.को स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि,

(घ) सञ्चालकको नाम, ठगाना, सम्पर्क नं. सहितको विवरण,

(ङ) रेडियो एफ.एम.को प्रवन्धपत्र/विधान/नियमावलीको प्रतिलिपि

(च) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि एवं लेखापरीक्षण प्रतिवेदन,

(छ) नियमित प्रसारणमा रहेको देखिने प्रमाण,

(ज) नियमित प्रसारण तथा प्रकाशन भएको एक वर्ष पुगेको देखिने कागजात,

(झ) संचालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,

(ञ) रेडियो एफ.एम.को परिचय, पृष्ठभूमि, भौतिक, उपकरण, प्रसारण क्षेत्र, जनशक्ति तथा आर्थिक विवरण समेत खुल्ने गरी प्रस्ताव।

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि रेडियो एफ.एम.ले उपदफा (३) मा उल्लेखित कागजात आर्थिक वर्ष २०७८/७९ मा पेश गरेको भए खण्ड (झ) र (ञ) बमोजिमको कागजात मात्र निवेदनसाथ पेश गर्नु पर्नेछ।

## परिच्छेद-३

## मूल्याङ्कन सम्बन्धी व्यवस्था

६. मूल्यांकन तथा सिफारिस समिति: (१) दफा ४ बमोजिम प्राप्त भएको निवेदनको छानविन गरी अनुदान उपलब्ध गराउन मन्त्रालयलाई सिफारिस गर्ने देहायको मूल्यांकन तथा सिफारिस समिति रहनेछ:-

| | |
|---|---|
| (क) सञ्चार समन्वय महाशाखा प्रमुख, मन्त्रालय | - संयोजक |
| (ख) आर्थिक प्रशासन शाखा प्रमुख, मन्त्रालय | - सदस्य |
| (ग) कानून अधिकृत, मन्त्रालय | - सदस्य |
| (घ) अध्यक्ष, नेपाल पत्रकार महासंघ, सुदूरपश्चिम प्रदेश | - सदस्य |
| (ङ) अधिकृत, सञ्चार समन्वय शाखा | - सदस्य-सचिव |

(२) उपदफा (१) बमोजिमको समितिले रेडियो, एफ.एम.बाट प्राप्त कागजातको अध्ययन गरी तुलनात्मक मूल्याङ्कन विवरण बनाउनु पर्नेछ।

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(३) उपदफा (२) बमोजिमको विवरणको आधारमा रेडियो एफ.एम.ले पाउने अनुदान रकम सिफारिस गर्नु पर्नेछ।

७. मूल्याङ्कनका आधारहरु: (१) अनुदान प्राप्त गर्नका लागि रेडियो एफ.एम. छनौट गर्दा तुलनात्मक रुपमा उत्कृष्ट काम गरिरहेका, नियमित रुपमा प्रसारण गरिरहेका रेडियो एफ.एम.लाई प्राथमिकतामा राखी छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) का अतिरिक्त समितिले छनौट गर्दा देहायका आधारहरु लिनु पर्नेछः-

(क) पेश गरिएको प्रस्ताव,

(ख) रेडियो एफ.एम. प्रसारण भएको अवधि,

(ग) रेडियो एफ.एम.को फ्रिक्वेन्सी क्षमता,

(घ) रेडियो एफ.एम.को जनशक्ति,

(ङ) प्रसारण क्षेत्र,

(च) रेडियो एफ.एम.को लागत साझेदारीको प्रतिशत।

८. अनुदान छनौटः (१) दफा ६ को उपदफा (३) बमोजिम सिफारिस भएका रेडियो एफ.एम.लाई पत्राचार गरी जानकारी गराउनु पर्नेछ।

(२) मन्त्रालयले दफा ६ को उपदफा (३) बमोजिमको छनौट भएका रेडियो एफ.एम.को नामावली र अनुदान रकम सहितको विवरण वेवसाइटमा राख्नु पर्नेछ।

९. अनुदान सम्झौता गर्नुपर्नेः दफा ८ बमोजिम छनौट भएका रेडियो एफ.एम.सँग मन्त्रालयले अनुसूची-२ बमोजिम सम्झौता गरी अभिलेख राख्नु पर्नेछ।

## परिच्छेद-४

## भुक्तानी

१०. भुक्तानी प्रक्रिया: (१) दफा ६ बमोजिमको समितिको सिफारिस बमोजिम मन्त्रालयले अनुदान रकम वितरण सम्वन्धी निर्णय गर्नु पर्नेछ।

(२) अनुदान रकम रेडियो एफ.एम.को नाममा रहेको बैंक खातामार्फत भुक्तानी गरिनेछ।

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

(३) अनुदान रकमको साठी प्रतिशत पहिलो किस्तामा र चालीस प्रतिशत दोस्रो किस्तामा वितरण गरिनेछ।

(४) रेडियो एफ.एम.ले अनुदान वापतको विजक, प्रतिवेदन र दफा ९ को उपदफा (१) बमोजिमको लोककल्याणकारी विज्ञापन प्रशारण गरेको प्रमाण पेश गरेपछि दोस्रो किस्ताको रकम भुक्तानी गरिनेछ।

## परिच्छेद-५

## विविध

११. अनुदान प्राप्त गर्ने रेडियो एफ.एम.को दायित्वः (१) अनुदान प्राप्त गर्ने रेडियो एफ.एम.ले यस आर्थिक वर्ष कम्तिमा २० मिनेटको लोककल्याणकारी विज्ञापन प्रसारण गर्नु पर्नेछ।

(२)श्रमजीवि पत्रकार सम्बन्धी ऐन, २०४८ र श्रमजीवी पत्रकारसम्वन्धी नियमावली, २०४९ पालना गर्नु पर्नेछ।

(३) विज्ञापन आचारसंहिता र पत्रकार आचारसंहिता पालना गर्नु पर्नेछ।

(४) अनुदान प्राप्त गर्ने रेडियो एफ.एम.ले उपदफा (१) बमोजिम प्रसारण गरेको विज्ञापनको प्रमाण पेश गर्नु पर्नेछ।

१२. अनुगमनः रेडियो एफ.एम.लाई वितरण गरिएको अनुदान रकम प्रस्तावमा उल्लेख भएको प्रयोजनका लागि प्रयोग भए नभएको र दफा (९) को उपदफा (१) अनुसार विज्ञापन प्रसारण गरे नगरेको सम्वन्धमा मन्त्रालयले अनुगमन गरी आवश्यक निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले दिएको निर्देशनको पालना गर्नु पर्नेछ।

१३. लेखा राख्ने तथा प्रतिवेदन पेश गर्नेः (१) रेडियो एफ.एम. सम्बन्धी अनुदानको हिसाव स्वीकृत लेखा प्रणाली अनुसार राख्नु पर्नेछ।

(२) अनुदान रकम प्रस्तावमा उल्लेखित उद्देश्य तथा प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

(३) रेडियो एफ.एम.ले प्राप्त गरेका अनुदान रकमबाट सम्पन्न गरेको कामको कार्यसम्पादन प्रतिवेदन मन्त्रालयमा असार २० गतेभित्र आवश्यक कागजातहरु संलग्न राखी पेश गर्नु पर्नेछ।

(४) रेडियो एफ.एम.ले कानून बमोजिमको कर बुझाएको हुनु पर्नेछ।

१४. झुट्टा विवरण पेश गर्नेलाई कारवाहीः झुट्टा विवरण पेश गरी अनुदान लिने रेडियो एफ.एम.लाई कारवाही गरी लिएको रकम असुल उपर गरिनेछ।



मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली

'५'

प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली, नेपाल

अनुसूची-१

(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)

अनुदान प्राप्त गर्न चाहने रेडियो एफ.एम.ले पेश गर्नुपर्ने प्रस्तावको ढाँचा (२ पृष्ठमा नबढाई)

(क) रेडियो एफ.एम.को नामः

(ख) ठेगानाः सम्पर्क नं.

(ग) कार्यक्रमको नामः

(घ) प्रस्तावित कार्यक्रमको संक्षिप्त विवरणः

(ङ) उद्देश्यः

(च) क्रियाकलापः

(छ) कार्यक्रमको अवधिः

(ज) जनशक्तिको विवरणः

(झ) भौतिक संरचना (उपकरण सहितको विवरण):

(ञ) रेडियो एफ.एम.को क्षमता र प्रसारण क्षेत्रः

(ट) अनुभवः

(ठ) मन्त्रालयबाट प्राप्त अनुदानले सञ्चालन गर्ने क्रियाकलापः

(ड) अनुमानित कूल रकमः

१. मन्त्रालयबाट माग गरेको अनुदानः

२. रेडियो एफ.एम. आफैंले व्यहोर्ने रकमः

प्रस्ताव प्रस्तुतकर्ता

मा.डा.रण बहादुर रावल
मन्त्री
आन्तरिक मामिला तथा कानून मन्त्रालय
सुदूरपश्चिम प्रदेश
धनगढी, कैलाली